**Updates**
**Changes brought by**
**Finance Ordinance, 2081**

This quick update on changes brought by recent Finance Ordinance, 2080 is only for easy understanding and reference of the clients, colleagues and team of RSA. The source of this material is Budget Speech 2081, Finance Ordinance, 2081. English translation is unofficial.

## Important Provisions of Finance Act, 2081

| Heading | Provisions | Rate of Tax |
|---|---|---|
| Health Hazard Tax "HHT" | ▪ On imported or locally manufactured bidi<br>▪ On imported or locally manufactured cigarette<br>▪ On imported or locally manufactured ready-to-date tobacco, gutkha, pan masala<br>HHT is collected at custom point for imported materials and for locally manufactured products at the time of removal from factory. | Rs 0.30 p/p<br>Rs 0.60 p/p<br>Rs 60 p/Kg |
| Education Service Tax "EST" | Students going on aboard study EST is applicable on the amount of foreign exchange for education fee remittance<br>Bank and financial institution collect such EST shall deposit within 25th of the following month or with additional interest of 15% for any delay<br>Students having paid EST on getting the foreign exchange facility from the bank but not being able to go abroad for the study if applies for the refund of the EST by returning the amount of foreign exchange, the refund will be provided from the concern bank following the procedures prescribed by IRD | 3% of total forex amount |
| Infrastructure Development Tax "IDT" | IDT shall be levied on petrol and diesel and collected at the custom point. | Rs 10 p/ltr |
| Green Tax | Green tax shall be levied and collected at the custom point on import of goods as per schedule-1 | Schedule-1 |
| Road Development Tax "RDT" | RDT shall be levied and collected at the custom point on import of goods and at the time of registration for nationally manufactured goods as per schedule-2. | Schedule-2 |
| Road Maintenance Tax "RMT" | RMT shall be levied on Petrol collected at the custom point.<br>RMT shall be levied on Diesel collected at the custom point. | Rs 4 p/ltr<br>Rs 2 p/ltr |
| Film Development Fee "FDF" | FDF shall be levied as per schedule-3 on foreign films to be displayed in the cinema hall of Nepal. | Schedule-3 |
| Pollution Control Tax "PCT" | PCT shall be levied on petrol and diesel and collected at the custom point | Rs 1.50 p/ltr |
| Telephone Ownership Tax "TOT" | TOT shall be levied Rs 500 for new registration of telephone and from the person getting transfer of ownership of telephone line.<br>In case of mobile telephone, TST shall be levied at 2% of sim card fee and recharge fee. | Rs 500 p/reg<br>2% of recharge/sim card fee |
| | TOT shall be deposited to revenue account by entity providing telecommunication services within 25 days of end of the month. | |
| Telecommunication Service Tax "TST" | TST shall be levied on the service fee of telecommunication service such as telephone, mobile, internet by the such service provider. However, it is not applicable for interconnection charge between two licensee and upto 50% of repair maintenance fee of fixed broad band service fee. | 10% |
| Casino Royalty | Person/Entity having license of casino operation shall pay the annual royalty fee.<br>Normal: Rs 5 crore | |

| Heading | Provisions | Rate of Tax |
|---|---|---|
| | Use of modern machine/equipment: Rs 1.5 crore | |
| Social Security Tax "SST" | SST is applicable on salary income as under<br>▪ Upto Rs 500,000 income of an individual<br>▪ Upto Rs 600,000 income of a couple<br>SST is exempt for individual contributing to Pension Fund or Contribution based social security fund. | <br>1%<br>1% |
| Digital Service Tax "DST" | ▪ DST is levied on income of foreign service provider providing electronic/ digital service to customer of Nepal exceeding Rs 3,000,000.<br>Person providing electronic/ digital service has to file transaction details and tax for every fiscal year | 2% |
| | For late filing of return, fine applicable | 0.10% of turnover |
| | For late depositing of tax, interest applicable | 15% p/a |
| | For hiding/ concealing the transactions, fine applicable | 50% of tax amount |
| Luxury Tax | Luxury tax imposed on the purchase price of following goods and services<br>▪ Services of 5 star or above star rated hotel and resort<br>▪ Imported liquor<br>▪ Jewelry of diamond, pearl, stone studded gold or valuable ornaments costing above Rs 10 lacs<br>Following persons are responsible to apply and collect luxury tax<br>▪ 5 star or above star rated hotel and resort while providing services<br>▪ Imported liquor at custom point at the time of import<br>▪ Seller of jewelry costing Rs 10 Lacs or above<br>Luxury tax to be deposited to tax office within 25th of the following month<br>▪ Interest applicable on late deposit<br>▪ Fine applicable for the delay period<br>▪ Fine on transaction amount applicable, incase luxury tax is not levied and collected | 2%<br><br><br><br><br><br><br><br>15%<br>2.5% p/a<br>25% |
| Foreign Tourism Tax "FTT" | FTT will be imposed on the amount of payment to be made by Nepali tourist going no foreign tour<br>Following persons are responsible to apply and collect FTT<br>▪ Foreign tour operator at the time of sale of tour package<br>▪ Firm or company taking individual person associated/ related with the firm or company on foreign tour for business promotion purpose | 5% |
| | FTT collected must be deposited to tax office within 25th of the following month<br>▪ Interest applicable for late deposit<br>▪ Fine applicable for the delay period<br>▪ Fine on transaction amount applicable, incase FTT is not levied and collected | <br>15% p/a<br>2.5% p/a<br>25% |
| Foreign Employment Service Tax "FEST" | A person licensed to operate foreign employment business must deposit foreign employment service tax from the amount collected from the person going on foreign employment.<br>A licensee shall deposit such foreign employment service tax and submit the details to the tax office within 25 of the following months<br>Interest applicable for the late deposit | 1%<br><br><br>15% |

### Other special provision of Finance Act, 2081

| Heading | Provision |
|---|---|
| Waiver on VAT to International Airlines | International airlines registered or not are exempt to pay Value Added Tax, applicable interest and penalties for the period to be collected from 15 Jestha 2080 to Ashwin 2080. |
| Waiver on VAT on Carriage & Transportation | If person involving in business of VAT applicable carriage & transportation from the period 15 Jestha 2076 to 15 Jestha 2078 has not collected VAT. Waiver of excess VAT, interest and penalties if 1% of turnover is paid within Mangsir 2081. Applicable to those taxpayers who are under tax assessment. |
| Waiver on VAT on Potato, Onion and Apple | Waiver on VAT, applicable interest and penalties to the VAT collected or not collected on potato, onion and apple till 14 Jestha 2081. |
| Bank Guarantee Facilities to Hydropower project | Promoters, contractors or hydropower project obtaining principal approval for capacity increment can import equipment, machinery and parts by providing bank guarantee for applicable custom duties and VAT on recommendation of Electricity Development Board.<br>Such bank guarantee can be released after payment of 1% of applicable import duties and obtaining exemption of VAT and remaining import duties. |

## आर्थिक विधेयक २०८१ ले गरेका केहि बिशेष छुट तथा सहुलियतहरु

१. **करको दायरामा आउनेलाई छुट दिने सम्बन्धी व्यवस्थाः** (१) कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर स्थायी लेखा नम्बर नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिम आय विवरण र सो बमोजिम लाग्ने कर बुझाएमा सोभन्दा अघिका आय वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनु पर्ने छैन।

२. **आय विवरण बुझाउन बाँकी करदातालाई छुट दिने सम्बन्धी व्यवस्थाः** स्थायी लेखा नम्बर लिई आय विवरण बुझाउन बाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिनाहा हुनेछ।

३. **मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातालाई छुट दिने सम्बन्धी व्यवस्थाः** संवत् २०८० साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले आफूले बुझाउनु पर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजको पचास प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी ब्याज मिनाहा हुनेछ।

४. **अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायकलाई मूल्य अभिवृद्धि कर छुट सम्बन्धी व्यवस्थाः** (१) मूल्य अभिवृद्धि करमा दर्ता भएका वा नभएको अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायक व्यक्तिले संवत् २०८० साल जेठ १५ गतेदेखि संवत् २०८० साल असोज मसान्तसम्मको अवधिमा हवाई यातायात सेवामा सङ्कलन गर्नु पर्ने मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको वा दाखिल नगरेको भएमा त्यस्तो मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर तथा ब्याज मिनाहा हुनेछ।

(२) नेपालबाट उडान सुरु नगर्ने अन्तर्राष्ट्रिय हवाई यातायात सेवा प्रदायक (अफलाईन एअरलाईन्स) ले संवत् २०८० साल जेठ १५ गतेदेखि सङ्कलन गरेको मूल्य अभिवृद्धि कर संवत् २०८१ साल असार मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता भई बुझाएमा सोमा लाग्ने ब्याज, जरिवाना, थप दस्तुर मिनाहा हुनेछ।

५. **ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिलाई मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धी व्यवस्थाः** (१) मूल्य अभिवृद्धि करमा दर्ता भई कारोबार गर्नु पर्ने ढुवानी साधनको भाडा तथा ढुवानी सेवाको कारोबार गर्ने व्यक्तिले संवत् २०७६ साल जेठ १५ गतेदेखि संवत् २०७८ साल जेठ १४ गतेसम्म मूल्य अभिवृद्धि करमा दर्ता भई वा नभई मूल्य अभिवृद्धि करयोग्य कारोबार गरी कर सङ्कलन नगरेको भए सो कारोबार रकमको एक प्रतिशतले हुने रकम संवत् २०८१ साल मंसिर मसान्तसम्म दाखिला गरेमा सोमा लाग्ने बाँकी कर, थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिमको कारोबारमा कर निर्धारण भई बक्यौता रहेको वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई कारोबार रकमको एक प्रतिशतले हुने रकम संवत् २०८१ साल मंसिर मसान्तसम्म दाखिल गरेमा बाँकी कर र सोमा लागेको थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ।

६. **आलु, प्याज तथा स्याउको आन्तरिक उत्पादनमा मूल्य अभिवृद्धि कर छुट सम्बन्धी व्यवस्थाः** नेपालमा उत्पादन

भएका आलु, प्याज तथा स्याउको कारोबार गर्ने व्यक्तिले संवत् २०८१ साल जेष्ठ १४ गतेसम्म त्यस्तो कारोबार गरे बापत लाग्ने मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको भए त्यस्तो कर रकम र सो कारोवारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको ब्याज, थप दस्तुर र जरिवाना मिनाहा हुनेछ।

७. <u>**कर्जा सूचना प्रदायक निकायलाई मूल्य अभिवृद्धि कर मिनाहा सम्बन्धी व्यवस्था:**</u> (१) नेपाल राष्ट्र बैङ्कबाट इजाजतप्राप्त बैङ्क तथा वित्तीय संस्थालाई कर्जा सूचना सेवा प्रवाह गर्ने उद्देश्यले नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ८८ बमोजिम स्थापना भएको निकाय मूल्य अभिवृद्धि करमा दर्ता नभएको भए संवत् २०८१ साल असार मसान्तभित्र मूल्य अभिवृद्धि करमा दर्ता भई उक्त मितिसम्म सङ्कलन गर्नु पर्ने मूल्य अभिवृद्धि करको पचास प्रतिशतले हुने रकम संवत् २०८१ साल असोज मसान्तभित्र बुझाएमा बाँकी मूल्य अभिवृद्धि कर, जरिवाना, व्याज र थप दस्तुर मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिमको कारोबारमा कर निर्धारण भई बक्यौता रहेको वा सो उपर प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा विचाराधीन मुद्दा फिर्ता लिई उपदफा (१) बमोजिम हुने रकम संवत् २०८१ साल असोज मसान्तसम्म दाखिल गरेमा बाँकी कर र सोमा लागेको थप दस्तुर, ब्याज र जरिवाना मिनाहा हुनेछ।

| मदिरा ऐन २०३१ मा संशोधन २०८१ | | | |
|---|---|---|---|
| **सि नं** | **दफा** | **हालको ब्यबस्था** | **संशोधित ब्यबस्था** |
| १ | दफा ३ पछि देहायको दफा ३क. थपिएको। | नभएको। | **३क. स्थानीय मदिरा सम्बन्धी व्यवस्थाः** स्थानीय मदिराको उत्पादन, ब्राण्डिङ्ग तथा नियमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।" |
| २ | दफा ५ | "पैठारी, निकासी, बिक्री" भन्ने शब्दहरु। | (२) "पैठारी, निकासी, बिक्री" भन्ने शब्दहरुको सट्टा "निकासी वा पैठारी" भन्ने शब्दहरु राखिएका छन्। |

# आयकर ऐन २०५८ मा संशोधन

| क्र.सं | ऐनको सम्वन्धित दफा/ उपदफा | साविक व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १ | दफा २ खण्ड (त्र) पछि (त्र१) थप। | नभएको। | (त्र१) योगदानमा आधारित अवकाश भुक्तानी" भन्नाले कर्मचारी वा कामदारको पारिश्रमिकबाट मासिक रुपमा कट्टा गरिएको रकम तथा रोजगारदाताबाट अवकाश योगदान बापत थप गरी स्वीकृत अवकाश कोषमा जम्मा गरिएको रकम र सो रकममा वृद्धि भएको रकम समेतको भुक्तानी सम्झनु पर्छ। |
| २ | दफा २ खण्ड (कद) बुँदा नं. ४ पछि बुँदा नं. ५ थप। | नभएको। | (५) नेपाल बाहिर रहि नेपालमा उल्लेख्य डिजिटल उपस्थिति जनाएमा उक्त स्थान, नेपाल बाहिर सर्भर राखी बिगत बाह्र महिनाको अवधिमा कम्तीमा नब्वे दिन नेपालमा तथ्याङ्क वा सेवाको कारोवार गरेमा उक्त स्थान। |
| ३ | दफा १० को खण्ड (ट) | (ट) जलस्रोत ऐन,२०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम, | झिकिएको। |
| ४ | दफा ११ को उपदफा (३ठ) | (३ठ) विशेष उद्योग र पर्यटन क्षेत्रसँग सम्वन्धित उद्योगले आफ्नो सञ्चित मुनाफालाई सोहि उद्योगको क्षमता विस्तारको लागि शेयरमा पुँजीकरण गरेको अवस्थामा त्यस्तो पुँजीकरणमा लाभांश वितरण स्वरुप लाग्ने लाभांश करमा शतप्रतिशत छुट हुनेछ। | (३ठ) विशेष उद्योग, सूचना प्रविधि उद्योग र पर्यटन क्षेत्रसँग सम्वन्धित उद्योगले आफ्नो सञ्चित मुनाफालाई सोहि उद्योगको क्षमता विस्तारको लागि शेयरमा पुँजीकरण गरेको अवस्थामा त्यस्तो पुँजीकरणमा लाभांश वितरण स्वरुप लाग्ने लाभांश करमा शतप्रतिशत छुट हुनेछ।<br><br>**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि सूचना प्रविधि उद्योग भन्नाले टक्नोलोजी पार्क, आई टि पार्क, बायोटेक |

| | | | |
|---|---|---|---|
| | | | पार्क, सफ्टबेयर बिकास, तथ्याङ्क प्रशोधन, डिजिटल म्यापिङ्ग, बिजनेस प्रोसेस आउटसार्सिङ्ग, डाटा माईनिङ्ग, क्लाउड कम्पूटिङ्ग सम्बन्धी उद्योगलाई जनाउनेछ। |
| ५ | दफा २१ को उपदफा (१) को खण्ड ख मा रहेको प्रतिवन्धात्मक वाक्यांश | तर प्रदेश सरकार र स्थानीय तहमा तिरेको कर खर्चको रुपमा कट्टी गर्न पाईनेछ। | तर दफा ९५क. को उपदफा (७) बमोजिम असुल भई उक्त आय वर्षमा मिलान हुन नसकेको कर, प्रदेश सरकार र स्थानीय तहमा तिरेको कर खर्चको रुपमा कट्टी गर्न पाईनेछ। |
| ६ | दफा २१ को उपदफा (१) को खण्ड (ङ) पछि खण्ड (ङ१) थप। | नभएको। | (ङ१) बैंक मार्फत भुक्तानी नभएका प्रतिब्यक्ति मासिक पच्चीस हजार रुपैंयाभन्दा बढिको पारिश्रमिक, वा |
| ७ | दफा ३३ को उपदफा (२) पछि उपदफा (३) थप। | नभएको। | (३) यस दफा बमोजिम सम्बद्ध व्यक्तिबीच हुने हस्तान्तरण मूल्य (ट्रान्सफर प्राइसिङ्ग) को मूल्याङ्कन विधि विभागले निर्धारण गरे बमोजिम हुनेछ। |
| ८ | दफा ५७ को उपदफा (१) मा प्रतिवन्धात्मक वाक्यांश थप। | (१) कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सो भन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफुले बहन गरेको दायित्व निःसर्ग गरेको मानिनेछ। | (१) कुनै निकायको विगत तीन वर्ष अघिसम्मको स्वामित्वको तुलनामा पचास प्रतिशत वा सो भन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ति वा आफुले बहन गरेको दायित्व निःसर्ग गरेको मानिनेछ।<br><br>तर साबिकका शेयरवाला तथा साझेदारको शेयर संख्या एवं पुँजि यथावत रही नयाँ शेयरवाला तथा साझेदार थप भई |

| | | | |
|---|---|---|---|
| | | | पुँजि वृद्धि भएको अवस्थामा यो उपदफामा भएको व्यवस्था लागू हुनेछैन। |
| ९ | दफा ६५ को उपदफा १ को स्पष्टिकरण खण्ड | स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि "योगदानमा आधारित हित भन्नाले दफा ६३ को उपदफा (३) बमोजिम तोकिएको सीमाभित्र रही गरिएको अवकाश योगदानसंग सम्बन्धित हितलाई सम्झनु पर्दछ। | झिकिएको। |
| १० | दफा ७६ उपदफा (५) पछि उपदफा (६) थप। | नभएको। | (६) उपदफा (१) बमोजिम जारी गरिएको कुनै पूर्वादिश रद्द नगरिएसम्म सो पूर्वादिश बमोजिम कारवाही गर्न विभाग वाध्य हुनेछ। |
| ११ | दफा ८१ को उपदफा (४) पछि उपदफा (५) र (६) थप। | नभएको। | (५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभागले सूचना प्रकाशन गरी त्यस्तो सूचनामा तोकिएका करदातालाई अनिवार्य रूपमा विद्युतीय माध्यमबाट बीजक जारी गरी त्यस्तो विद्युतीय माध्यमलाई विभागको केन्द्रीय बीजक अनुगमन प्रणाली (सिबिएमएस) मा आबद्ध गर्न आदेश दिन सक्नेछ।<br><br>(६) विद्युतीय माध्यमबाट बीजक जारी गर्ने सफ्टवेयर वा उपकरणको सुरक्षण तथा विश्वसनीयता सम्बन्धमा विभागले कार्यविधि बनाई लागू गर्नेछ। त्यस्तो कार्यविधि सम्बन्धित उत्पादक, वितरक र प्रयोगकर्ताले पालना गर्नु पर्नेछ। |
| १२ | दफा ८१ पछि दफा ८१क. थप। | नभएको। | ८१क. व्यावसायिक कारोबार बापतको रकम व्यक्तिगत खातामा जम्मा गर्न नपाइनेः कुनै पनि व्यक्तिले व्यावसायिक कारोबार बापत प्राप्त नगद, चेक, क्यू आर कोड तथा अन्य |

| | | | |
|---|---|---|---|
| | | | कुनै विद्युतीय माध्यमबाट प्राप्त हुने कुनै पनि रकम व्यक्तिगत बैङ्क खातामा जम्मा गर्न पाइने छैन। |
| १३ | दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको बुँदा नम्वर (९) | (९) बासिन्दा बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको क्षेत्रमा लगानी गर्न बिदेशी बैंक वा अन्य बित्तीय संस्थावाट बिदेशी मुद्रामा लिएको ऋण बापतको ब्याज भुक्तानी गर्दा दश प्रतिशतका दरले। | (९) बासिन्दा बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको क्षेत्रमा लगानी गर्ने बिदेशी बैंक वा अन्य बित्तीय संस्थावाट बिदेशी मुद्रामा लिएको ऋण बापतको ब्याज भुक्तानी गर्दा पाँच प्रतिशतका दरले। |
| १४ | दफा ८८क. को उपदफा (२) मा थप। | नभएको। | तर पुरस्कार रकम पाँच लाख रुपैंयाभन्दा बढि भएमा बढि भएजतिको रकममा मात्र आकस्मिक लाभ कर लाग्नेछ। |
| १५ | दफा ९४को उपदफा (१) को स्पस्टीकरण अन्तर्गत खण्ड 'ख' पछि खण्ड 'ग' थप। | नभएको। | (ग) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि गैर व्यवसायिक करयोग्य सम्पत्तिको निःसर्गको आयमा दफा ९५क. बमोजिम दाखिला गर्नुपर्ने अग्रिम कर रकम किस्ताबन्दी रूपमा दाखिला गर्नुपर्ने छैन। |
| १६ | दफा ९५क. को उपदफा (७) | ७) व्यापारिक प्रयोजनको लागि पैठारी हुने भन्सार दरबन्दीको भाग १ मा पर्ने राँगा, भैंसी, खसी, बोका, भेडा, च्याङ्ग्रा, भाग ३ मा पर्ने जीवित, ताजा तथा हिमीकृत गरिएको माछा, भाग ६ मा पर्ने ताजा फुलहरु, भाग ७ मा पर्ने ताजा तरकारी, आलु प्याज सुक्खा तरकारी, लसुन, बेबी कर्न र भाग ८ मा पर्ने ताजा फलफूलहरुमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा पाँच प्रतिशत तथा भाग २ को मासु, भाग ४ को दूधजन्य पदार्थ, अण्डा, मह, भाग १० को कोदो, फापर, जुनेलो, चामल, कनिका, भाग ११ को मैदा, आँटा तथा पिठो, भाग १२ को जडिबुटी, उखु र भाग १४ को वनस्पतिजन्य उत्पादनमा दुई | (क) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-<br>"(७) व्यापारिक प्रयोजनको लागि भन्सार महसुल सम्बन्धी प्रचलित कानून बमोजिम पैठारी हुने देहायको वस्तुमा देहाय बमोजिम भन्सार बिन्दुमा अग्रिम आयकर असुल गरिनेछः-<br>(क) भन्सार दरबन्दीको भाग १ मा पर्ने जीवित जन्तु, भाग २ मा पर्ने मासु र खान हुने कमसल मासु (अफल), भाग ३ मा पर्ने जीवित, ताजा तथा सवै प्रकारका माछाजन्य उत्पादन, भाग ६ मा पर्ने फुलहरु तथा अन्य उत्पादन, भाग ७ मा पर्ने खान हुने वनस्पति र केही जरा र गानाहरु, भाग ८ मा |

| | | | |
|---|---|---|---|
| | | दशमलव पाँच प्रतिशत अग्रिम आयकर भन्सार बिन्दुमै असुल उपर गरिनेछ।<br>तर मूल्य अभिवृद्धि कर लाग्ने वस्तु पैठारीमा एक दशमलव पाँच प्रतिशत अग्रिम आयकर असुल उपर गरिनेछ। | पर्ने खान हुने फल तथा काष्ठफल र अन्य उत्पादनमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा दश प्रतिशत।<br>(ख) भन्सार दरबन्दीको भाग ४ मा पर्ने दूधजन्य पदार्थ, अण्डा, मह लगायतका अन्य उत्पादन, भाग १० मा पर्ने बिउ बाहेकका सबै प्रकारका खाद्यान्न, भाग ११ को मैदा, आँटा तथा पिठो लगायतका अन्य उत्पादन, भाग १२ को जडिबुटी, उखु र भाग १४ को वनस्पतिजन्य उत्पादनमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा दुई दशमलव पाँच प्रतिशत।<br>तर मूल्य अभिवृद्धि कर लाग्ने वस्तु पैठारीमा एक दशमलव पाँच प्रतिशत मात्र अग्रिम आयकर असुल गरिनेछ।" |
| १७ | ९५क को उपदफा १४ पछि उपदफा १५ थप। | नभएको। | "(१५) यस दफा बमोजिम असुल तथा दाखिला गर्नु पर्ने व्यक्तिले असुल नगरेको, दाखिला नगरेको, घटी दाखिला गरेको वा म्यादभित्र दाखिला नगरेको कुरामा विभाग विश्वस्त भएमा दाखिला नगरेको वा घटी दाखिला गरेको रकम र दफा ११९ बमोजिमको ब्याज तथा अग्रिम कर असुल नगरेकोमा दफा १२० बमोजिमको शुल्क समेत दाखिला गर्न आदेश दिन सक्नेछ।<br>तर त्यस्तो आदेश दिनुभन्दा पहिले उचित कारण खोली सो आदेशको सम्बन्धमा सफाइ पेश गर्न पन्ध्र दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछ। |
| १८ | दफा १०१ पछि दफा १०१(क) थप। | नभएको। | १०१क. स्रोत नखुलेको सम्पत्तिको कर निर्धारणः (१) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८ बमोजिम कुनै व्यक्तिको स्रोत नखुलेको सम्पत्तिको कर निर्धारण सम्बन्धमा विभागमा लेखिआएमा सो |

| | | | |
|---|---|---|---|
| | | | दफाको अधीनमा रही विभागले कर सम्बन्धी कसूर गरे वा नगरेको विषयमा छानबिन गर्नेछ।<br>(२) उपदफा (१) बमोजिम विभागले छानबिन गर्दा कर सम्बन्धी कुनै कसूर गरेको नदेखिएमा त्यस्तो ब्यक्तिबाट सो वर्षमा आयमा लाग्ने अधिकतम दरले हुने आयकर असुल गरिनेछ। |
| १९ | दफा ११३ को उपदफा (७) पछि उपदफा (८) थप। | नभएको। | (८) कुनै आय वर्षमा दफा ९५क. को उपदफा (७) बमोजिम असुल गरिएको रकमलाई सोही वर्षमा तिर्नु पर्ने वार्षिक कर दायित्वमा मिलान गर्दा बढी हुन आएको रकम आगामी आय वर्षमा सारी लैजान वा फिर्ता पाउने छैन। |
| २० | दफा ११७ को उपदफा (१) को (ग) | (ग) दफा ९६ को उपदफा (१) बमोजिम कुनै आय वर्षको आय विवरण दाखिला नगरेमा ऐनको दफा ४ को उपदफा (४) मा उल्लिखित व्यक्तिको हकमा एक सय रुपैयाँ प्रति महिनाका दरले हुने रकम र अन्य व्यक्तिको हकमा सो आय वर्षको आयको गणना गर्दा कुनै रकम कटाई पाउने भए त्यस्तो रकम नकटाई र कुनै रकम समावेश गर्नु पर्ने भए त्यस्तो रकम समावेश गरी हुने निर्धारणयोग्य आयको रकमको शून्य दशमलव एक प्रतिशत प्रति वर्षका दरले हुने रकम वा एक सय रुपैयाँ प्रति महिनाका दरले हुने रकममध्ये जुन बढी हुन्छ त्यस्तो रकम। | (ग) दफा ९६ को उपदफा (१) बमोजिम कुनै आय वर्षको आय विवरण दाखिला नगरेमा ऐनको दफा ४ को उपदफा (४) मा उल्लिखित व्यक्तिको हकमा प्रति विवरण बाह्रसय रुँपैया तथा एक बर्षभन्दा कम अवधि भएमा प्रतिमहिना एकसय रुपैंयाका दरले हुने रकम र अन्य व्यक्तिको हकमा सो आय वर्षको आयको गणना गर्दा कुनै रकम कटाई पाउने भए त्यस्तो रकम नकटाई र कुनै रकम समावेश गर्नु पर्ने भए त्यस्तो रकम समावेश गरी हुने निर्धारणयोग्य आयको रकमको शून्य दशमलव एक प्रतिशत प्रति वर्षका दरले हुने रकम वा प्रति विवरण बाह्रसय रुँपैया तथा एक बर्षभन्दा कम अवधिको विवरण भएमा प्रतिमहिना एकसय रुपैंयाका दरले हुने रकममध्ये जुन बढी हुन्छ त्यस्तो रकम। |
| २१ | दफा '११९क' मा संशोधन। | ११९क. यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै | ११९क. शुल्क लाग्नेः (१) दफा ८१ को उपदफा (४) बमोजिम विद्युतीय बीजक जारी गर्न स्वीकृति लिएको वा |

| | | | |
|---|---|---|---|
| | | व्यवस्थाको पालना नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म शुल्क लाग्नेछ।" | स्वीकृति नलिएको करदाताले तथ्याङ्क मेट्न वा सच्याउन सकिने सफ्टवेयर प्रयोग गरेको पाइएमा पाँच लाख रुपैयाँ शुल्क लाग्नेछ।<br><br>(२) दफा ८१ को उपदफा (४) बमोजिम विद्युतीय बीजकको सफ्टवेयर वा उपकरण निर्माण गर्ने, जडान गर्ने वा सञ्चालन गर्ने व्यक्तिले विभागले जारी गरेको कार्यविधिको पालना नगरेमा पाँच लाख रुपैयाँ शुल्क लाग्नेछ।<br><br>(३) दफा ८१क. को उल्लङ्घन गरेमा प्रत्येक पटकको अनुगमनमा पाँच हजार रुपैयाँ वा कुल रकमको दुई प्रतिशतमध्ये जुन बढी हुन्छ सो रकम शुल्क लाग्नेछ।<br><br>(४) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै व्यवस्थाको पालना नगर्ने व्यक्तिलाई पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म शुल्क लाग्नेछ।" |
| २२ | आयकर ऐन २०५८ | यस ऐनमा रहेका "निकाशी" भन्ने शब्दहरु | यस ऐनमा रहेका "निकाशी" भन्ने शब्दहरुका सट्टामा "निर्यात" भन्ने शब्दहरु राख्ने। |

## मूल्य अभिबृद्धि कर ऐन २०५२ मा संशोधन

| क्रसं | ऐनको सम्वन्धित दफा/ उपदफा | साविक व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १ | दफा १०ख१. मा संशोधन | १०ख१. विद्युतीय सेवा प्रदान गर्ने गैरबासिन्दा व्यक्तिको दर्ता सम्बन्धी व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा विगत बाह्र महिनामा बीस लाख रुपैयाँभन्दा बढी कर लाग्ने विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्नेछ।<br>(२) विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिको दर्ता प्रक्रिया विभागले निर्धारण गरे बमोजिम हुनेछ।<br>(३) उपदफा (१) बमोजिम दर्ता भएका विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिको कारोबार बन्द भएमा वा कारोबार गर्न छाडेमा विभागले निर्धारण गरेको प्रक्रिया बमोजिम दर्ता खारेज गराउनु पर्नेछ। | १०ख१. गैरबासिन्दा व्यक्तिको दर्ता सम्बन्धी व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा विगत बाह्र महिनामा तीस लाख रुपैयाँभन्दा बढी कर लाग्ने विद्युतीय सेवा वा अफलाइन हवाई यातायात सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्नेछ।<br>(२) उपदफा (१) बमोजिम गैरबासिन्दा व्यक्तिको दर्ता प्रक्रिया विभागले निर्धारण गरे बमोजिम हुनेछ।<br>(३) उपदफा (१) बमोजिम दर्ता भएको गैरबासिन्दा व्यक्तिको कारोबार बन्द भएमा वा कारोबार गर्न छाडेमा विभागले निर्धारण गरेको प्रक्रिया बमोजिम दर्ता खारेज गराउनु पर्नेछ। |
| २ | दफा ११ को उपदफा (१) को देहाय (च) | (च) विगत बाह्र महिनामा वस्तुको हकमा पचास लाख रुपैयाँ र वस्तु तथा सेवा मिश्रित कारोबारको र सेवाको हकमा बीस लाख रुपैयाँ करयोग्य कारोबार नपुगेको करदाता भएमा, | (च) विगत बाह्र महिनामा वस्तुको हकमा पचास लाख रुपैयाँ र वस्तु तथा सेवा मिश्रित कारोबारको र सेवाको हकमा तीस लाख रुपैयाँ करयोग्य कारोबार नपुगेको करदाता भएमा, |
| ३ | दफा १८ को उपदफा (२) पछि उपदफा (३) थप गर्ने | (छ) करदाताको आयात निर्यात र अन्य कारोबार रोक्का गरेर। | ३) यस दफा बमोजिम कर विवरण बुझाउनु पर्ने करदाताले कर विवरण बुझाउनु पर्ने मिति समाप्त भएको चार महिनासम्म नबुझाएमा कर अधिकृतले त्यस्तो करदाताको आयात वा निर्यात रोक्का गर्न सक्नेछ। |
| ४ | दफा २० को उपदफा (१) को खण्ड (ज) | (ज) दफा ८ को उपदफा (२) वा (३) बमोजिम कर दाखिला नगरेमा, | (ज) दफा ८ को उपदफा (२), (२क) वा (३) बमोजिम कर दाखिला नगरेमा, |
| ५ | मूल्य अभिवृद्धि कर ऐन, २०५२ | मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा रहेका "निकासी" भन्ने शब्दहरु | मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा रहेका "निकासी" भन्ने शब्दहरुको सट्टामा "निर्यात" भन्ने शब्दहरु राख्ने। |

# मूल्य अभिवृद्धि कर ऐन, २०५२ को
# अनुसूची-१ लाई संशोधन गरी आर्थिक विधेयक, २०८१ द्वारा हटाईएका
# वस्तु तथा सेवाहरूको सूची
## (दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

| | | |
|---|---|---|
| | **समूह १: आधारभूत कृषि उत्पादनहरू** | |
| ०८.०४ | | खजुर (छोहोरा), अन्जिर, भुँइकटहर, आभोकाडो, अम्बा, आँप, म्याङ्गोष्टीन, ताजा वा सुकेको । |
| | | -अम्बा, आँप र म्याङ्गोष्टीन: |
| | ०८०४.५०.३० | ---म्याङ्गोष्टीन |
| | **समूह २: आधारभूत आवश्यकताका वस्तुहरू** | |
| ४४.०१ | | बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (विलेट), हाँगा विंगा वा दाउराको बाधेको बिटो, वा यस्तै रुपमा; काठका चोइटाचोइटी वा मसिना टुक्राटाक्री (पार्टिकल); काठ चिरेको धूलो, काठको अवशेष, रद्दी वस्तु, मुढो, ब्रिकेट (थिचेर बनाइएको चक्का), पेलेट वा यस्तै रुपमा एकत्रित गरिएको वा नगरिएको। |
| | | -बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (विलेट), हाँगाविगा, दाउराको बाधेको बिटो वा यस्तै रूपमाः |
| | ४४०१.११.०० | --कोणधारी (कोनिफेरस) |
| | ४४०१.१९.०० | --गैरकोणधारी (नन-कोनिफेरस) |
| ४४.०२ | | एकत्रित गरिएको वा नगरिएको काठको गोल, खवटा (शेल) को वा बियाँ (नट) को गोल समेत। |
| | ४४०२.१०.०० | -बाँसको |
| | ४४०२.२०.०० | -खवटा (शेल) वा बियाँ (नट) का |
| | ४४०२.९०.०० | -अन्य |
| | **समूह ३: जीवजन्तु तथा सोको उपज** | |
| ०२.०४ | | भेडा वा बाख्राको ताजा, चिसो पारेको वा हिमीकृत मासु। |
| | ०२०४.३०.०० | -भेडाका पाठाको हिमीकृत (फ्रोजन) सिङ्गो शरीर (कारकस) हरू र आधा-शरीर (हाफ-कारकस) हरू |
| | **समूह ४: कृषि सामग्रीहरु** | |
| ३८.०८ | | कीटनाशक, कृन्तकनाशक, ढुसीनाशक, झारपातनाशक, अंकुरणरोधी (एन्टिस्प्राउटिङ्ग) उत्पादनहरू र वनस्पति वृद्धि नियामक (प्लान्ट ग्रोथ रेगुलेटर) हरू, र विसङ्क्रामकहरू र खुद्रा बिक्रीका स्वरूपमा वा प्याकिङ्गमा वा तयारी वस्तु वा सामग्रीहरूको रूपमा राखिएका यस्तै उत्पादनहरू (उदाहरणको लागि, गन्धकले उपचार गरेको धागो (ब्याण्ड), सलेदो (विक्स) तथा मैनबत्तीहरू र झिङ्गा फसाउने कागज (फ्लाइपेपर) हरू) । |
| | | -अन्यः |

| | | |
|---|---|---|
| | | --कीटनाशक पदार्थहरू (इन्सेक्टीसाइड्स): |
| | ३८०८.९१.९० | ---अन्य |
| | ३८०८.९२.०० | --ढुसीनाशक पदार्थहरू (फङ्गीसाइड्स) हरु |
| | ३८०८.९३.१० | ---झारपातनाशक (हर्बिसाइड्स) हरु |
| | ३८०८.९९.११ | ---मुसानाशक उत्पादन |
| ८२.०१ | | निम्न हाते औजारहरु: कोदालो, साभेल, गैती, पिक, चाँदे (हो), काँटा (फोर्क) र दाँते (रेक); बन्चरो, खुर्पा (बिल हूक) र यस्तै काट्ने वा चिर्ने औजारहरू; बोट बिरूवा छाँट्ने एकै हातले चलाउने जुनसुकै किसिमका कैंची; दरौंती (स्साइथ), हँसिया, खुर्पी , झाडी छांट्ने दुई हातले चलाउने कैंची, किलो वा पच्चड (टिम्वर वेज) र कृषि, वागवानी वा वनजङ्गलको काममा प्रयोग हुने अन्य औजारहरू । |
| | | -कोदालो र सावेलहरू: |
| | ८२०१.१०.९० | ---अन्य (सावेलहरू) |

(१) द्रष्ट्रब्यको बुँदा नम्वर (५) को सट्टा देहायको बुँदा राखिएको।

"दाना तथा पशुपन्छी उद्योगले पैठारी गर्ने भन्सार दरवन्दीको भाग २३, २८ र २९ मा पर्ने फिडसप्लिमेन्टका कच्चा पदार्थहरु, उपशीर्षक २५२१.००.०० को चुनढुङ्गाको धुलो।"

**समूह ५: औषधि उपचार तथा यस्तै स्वास्थ्य सेवाहरू**

| | | |
|---|---|---|
| ३०.०२ | | मानव रक्त; रोगको उपचार, रोकथामका लागि तयार गरिएको वा रोगलाई निदान गर्ने प्रयोजनका लागि बनाएको जीवजन्तुको रगत, एन्टिसेरा र अन्य रक्त खण्डहरू र रोधक्षमता सम्बन्धी उत्पादनहरू, परिवर्तन गरिएको वा नगरिएको वा जीव प्रद्यौगिकीय प्रक्रियाहरू (बायो टेक्नोलोजिकल प्रोसेसेज) को माध्यमबाट उपलब्ध भएको वा नभएको; खोपहरू, विषालु पदार्थ (टक्सिन) हरू, सूक्ष्म-जीवाणुका कल्चरहरू (मर्चाहरू बाहेक) र यस्तै उत्पादनहरू; परिवर्तन गरिएका वा नगरिएका कोषिका संवर्द्धन (सेल कल्चर) हरू । |
| | | -अन्य: |
| | ३००२.९०.१० | ---परीक्षण किट्स (ड्यागनोस्टिक किट्स)हरु |
| | ३००२.९०.९० | ---अन्य |
| ३०.०५ | | नरम कपासको अस्तर (वाडिङ्ग), जाली (गज), पट्टी (ब्याण्डेज) र त्यस्तै सामानहरु (उदाहरणको लागि पट्टी (ड्रेसिङ्ग), टांसिने प्लाष्टरहरु, लेपहरु (पोल्टिस), औषधि तत्त्वले संसिक्त (इम्प्रिग्नेट) गरिएको वा बाहिरपट्टि लेप लगाएको (कोटेड) वा औषधि, चिरफार, दन्त्यचिकित्सा वा पशुचिकित्साको उद्देश्यको लागि खुद्रा बिक्रीको पुलिन्दा वा आकारमा राखिएको। |
| | | -घाउमा लगाउने टाँसिने पट्टी (ड्रेसिङ्ग) हरू र टांसिने तह (लेयर) भएका अन्य वस्तुहरू: |
| | ३००५.९०.२० | ---पट्टी (बैण्डेज) |

| | | |
|---|---|---|
| ३७.०१ | | कागज, कागजगाता वा कपडा पदार्थहरू बाहेक जुनसुकै पदार्थ (म्याटेरियल) को समतल (फ्ल्याट), प्रकाशग्राही (सेन्सिटाइज्ड) र नखोलिएको (अनएक्सपोज्ड) छायाँचित्रण (फोटोग्राफी) सम्बन्धी प्लेटहरू र फिल्म; समतल, प्रकाशग्राही, नखोलेको, प्याकमा भएको वा नभएको तत्काल छापिने फिल्म (इन्स्टयान्ट प्रिन्ट फिल्म) । |
| | ३७०१.१०.०० | -एक्स-रे को लागि |

(१) द्रष्टव्यको बुँदा नम्वर (१०) मा रहेको "उपशीर्षक ९०१८.१९.९० मा पर्ने फ्लो साइटोमिटर" का सट्टामा "उपशीर्षक ९०१८.९०.९० मा पर्ने भिडियो स्कोप, क्याथल्याव, हर्ट लङ्ग मेशिन र डिफ्रीब्रिलेटर" भन्ने शब्दहरु राखिएको।

| | | |
|---|---|---|
| **समूह ९ः यात्रुबाहक यातायात तथा ढुवानी सेवाहरू** | | |
| (१) "सार्वजनिक यात्रुवाहक यातायात (केबुलकार बाहेक)" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक यात्रुवाहक यातायात (हवाई यातायात तथा केबुलकार बाहेक)" **भन्ने शब्दहरु राखिएको।** | | |
| **समूह ११ः अन्य वस्तु तथा सेवा** | | |
| ६२.११ | | ट्र्याक सुटहरू, स्की सुटहरू र पौडिंदा लगाउने लुगाहरू; अन्य लुगाफाटाहरू । |
| | | - पुरुष वा केटाहरूका अन्य लुगाफाटाहरूः |
| | | --सुतीकोः |
| | ६२११.३२.२० | --- लुङ्गी र धोती |
| | | -महिला वा केटीहरूका अन्य लुगाफाटाहरूः |
| | | --सुतीकोः |
| | ६२११.४२.२० | --- साडी, लुङ्गी र धोती |
| ७१.०१ | | परिष्कार गरिएको वा नगरिएको वा स्तर छुट्याएको वा नछुट्याएको तर नउनेको, नजडिएको वा सेटमा नराखिएको, प्राकृतिक वा सम्बर्धित मोती; परिवहनको सुविधाका लागि अस्थायी रूपमा उनेको प्राकृतिक वा सम्बर्धित मोती । |
| | ७१०१.१०.०० | -प्राकृतिक मोतीहरू |
| | | -सम्वर्धित मोतीहरूः |
| | ७१०१.२१.०० | --परिष्कार नगरिएको |
| | ७१०१.२२.०० | --परिष्कार गरिएको |
| ८४.२१ | | अपकेन्द्रित्र (सेन्ट्रिफ्यूज) हरू, अपकेन्द्री शोषक (सेण्ट्रिफ्यूगल ड्रायर) हरू समेत; तरलपदार्थ र ग्याँसलाई छान्ने (फिल्टरिङ) वा शुद्धीकरण गर्ने (प्यूरिफाइङ) यन्त्रावली र उपकरणहरू । |
| | | -अपकेन्द्रित्र (सेन्ट्रिफ्यूज), अपकेन्द्री शोषक (सेण्ट्रिफ्यूगल ड्रायर) हरु समेतः |
| | ८४२१.२१.०० | --पानी छान्न वा परिशोधन गर्नको लागि |
| ८४.७९ | | यस भागको अन्यत्र उल्लेख नभएका वा समावेश नभएका, निर्दिष्ट एकल कार्य (इनडिभिजुअल फङ्क्सन्स) मात्र सम्पादन गर्ने क्षमता भएका यन्त्र र यान्त्रिक उपकरणहरू । |

(आ) अन्य वस्तु तथा सेवाहरू

(१) बुँदा नम्वर (१) र (२) हटाईएको (माथि तालिकामा समायोजन भएको)।

(२) बुँदा नम्वर (५) मा रहेको समाशोधन गृह (क्लियरिङ्ग हाउस) सेवा झिकिएको।

(३) बुँदा नम्वर (१२) को सट्टा देहायको बुँदा राखिएको।

"जलविद्युत उत्पादन, वितरण र प्रसारणलाइन आयोजनाको लागि आवश्यक पर्ने निर्माण उपकरण, मेशिनरी औजार र सोसँग सम्बन्धित पार्टपूर्जा तथा त्यस्ता उपकरण निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ (स्टील सिट) लगानी बोर्डको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो बोर्डको, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र अन्य आयोजनाको हकमा (नेपाल विद्युत प्राधिकरणबाट सञ्चालन हुने आयोजना समेत) विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित जलविद्युत आयोजना वा सोको ठेकेदार वा आयोजनाको प्रवर्द्धकले पैठारी गरी आयोजनालाई आपूर्ति गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ।"

(४) बुँदा नम्वर (१३) को सट्टा देहायको बुँदा राखिएको।

"संवत् २०८२ साल चैत्र महिनासम्म वित्तीय व्यवस्थापन (फाइनान्सियल क्लोजर) सम्पन्न भएका दुईसय मेगावाट भन्दा बढी क्षमताका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजनाको लागि लगानी बोर्डबाट स्वीकृत हुनेको हकमा सो बोर्डको र अन्यको हकमा (नेपाल विद्युत प्राधिकरणबाट सञ्चालन हुने आयोजना समेत) विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित आयोजनाको प्रबर्द्धक, आयोजना वा सोको ठेकेदारले पैठारी गर्ने निर्माण उपकरण, प्लाण्ट, मेशिनरी औजार एवं सोको सम्बन्धित पार्टपूर्जा, विष्फोटक पदार्थ, पेनस्टक पाइप तथा स्टील प्लेटहरूमा मूल्य अभिवृद्धि कर छुट दिइनेछ।

तर यस बुँदा बमोजिम सिफारिस गर्दा जलविद्युत आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन प्रतिवेदनमा उल्लिखित परिमाण अनुसार सिफारिस गर्नु पर्नेछ।"

(५) बुँदा नम्वर (१४) को सट्टा देहायको बुँदा राखिएको।

"कूटनैतिक नियोग, परियोजना, व्यक्ति र अन्य निकायहरूले (सरकारी एवं गैरसरकारी सङ्घ संस्था) महसुल सुविधामा पैठारी गरेका सुरु उत्पादन वर्षले १० वर्ष नाघेका वा कूटनीतिक नियोग र कूटनीतिक कर्मचारीले प्रयोग गरेका तर १० बर्ष ब्यथित नभई दुर्घटना वा प्राविधिक कारणले संचालन हुन नसक्ने पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्रयाप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा मूल्य अभिवृद्धि कर लाग्ने छैन।"

## मूल्य अभिवृद्धि कर ऐन, २०५२ को
## अनुसूची-१ लाई संशोधन गरी आर्थिक विधेयक, २०८१ द्वारा थप गरिएका
## वस्तु तथा सेवाहरूको सूची
## (दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

| | | |
|---|---|---|
| **समूह १: आधारभूत कृषि उत्पादनहरू** | | |
| ०७.०१ | | आलुहरू, ताजा वा चिसो पारेको । |
| | ०७०१.९०.०० | -अन्य |
| ०७.०३ | | प्याज, छ्यापी, लसुन, डुन्डु र यस्तै जातिका अन्य वनस्पतिहरू, ताजा वा चिस्याइएका। |
| | ०७०३.१०.०० | -प्याज र छ्यापीहरू |
| ०८.०८ | | स्याउ, नासपाती र क्विन्स, ताजा। |
| | ०८०८.१०.०० | स्याउ |
| **समूह ३: जीवजन्तु तथा सोको उपज** | | |
| ०२.०४ | | भेडा वा बाख्राको ताजा, चिसो पारेको वा हिमीकृत मासु। |
| | ०२०४.५०.०० | -बाख्राको मासु |

## मूल्य अभिवृद्धि कर ऐन, २०५२ को
## अनुसूची-२ लाई संशोधन

### अनुसूची–२
### ९दफा ७ को उपदफा (२) सँग सम्बन्धित)
### <u>शून्य दरमा कर लाग्ने वस्तु तथा सेवा</u>

(१) बुँदा नम्वर (८) को सट्टा देहायको बुँदा राखिएको।

"अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका स्कूटर।"

(२) बुँदा नम्वर (१०) को सट्टा देहायको बुँदा राखिएको।

"नेपाल सरकार, बन तथा वातावरण मन्त्रालय, वातावरण विभागको सिफारिसमा विद्युतीय सवारीमा प्रयोग हुने स्वदेशी उद्योगबाट उत्पादन भएका उपशीर्षक ८५०७.२०.०० मा पर्ने डिप साइकल लिड एसिड ब्याट्री।"